# स्थानीय राजपत्र

**मंगला गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड: २) संख्या : ३ मिति:२०७५।८।१


भाग १

## मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### बाबियाचौर ,म्याग्दी

## मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना:**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०( बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक का बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चा ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मंगला गाउँपालिकाको सभ यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यो ऐनको नाम मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐ २०७५ रहेको छ ।

(२) यो ऐन मंगला गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले मंगला गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले मंगला गाउँपालिका सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा बमोजिमको सम्झनु पर्दछ ।

(ङ.) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त मंगला गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही मंगला गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**गाउँसभावाट पारित मितिः २०७५/०१/१२**

आज्ञाले<br>
कृष्ण प्रसाद गौतम<br>
प्रमुख प्रशासकीय अधिकृत